नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र
मध्य बानेश्वर, काठमाडौं, नेपाल, email: info@aepc.gov.np, फोन नं. ०१-४४९८०१३, ४४९८०१४

# विद्युतको पहुँच नपुगेका तथा मिनीग्रिड निर्माण हुन नसक्ने क्षेत्रमा घरेलु सौर्य विद्युत प्रणाली जडानको लागि आवेदन सम्बन्धि सूचना

**सूचना प्रकाशित मिति :** २०७७/०४/२६
**निवेदन बुझाउने अन्तिम मिति :**२०७७/०५/२५ (कार्यालय समय भित्र)

यस केन्द्रको आ. व. २०७७/७८ को स्वीकृत कार्यक्रम अनुसार विद्युतको पहुँच नपुगेका तथा मिनिग्रीड निर्माण हुन नसक्ने, हाल सम्म यस केन्द्रको अनुदानमा सौर्य ऊर्जा प्रणाली जडान नभएको र कुनै पनि माध्यमबाट विद्युतीकरण नभएको क्षेत्रमा घरेलु सौर्य विद्युत प्रणाली जडाने गर्ने कार्यक्रम रहेको छ । यस कार्यक्रम अन्तर्गत घरेलु सौर्य विद्युत प्रणाली जडान गर्न इच्छुक स्थानीय तहहरुले यस केन्द्रले तयार गरेको निवेदनको ढाँचामा उपभोक्ताहरुको विस्तृत विवरण सहित यस केन्द्रमा आवेदन दिनुहुन यो सुचना प्रकाशित गरिएको छ । उपभोक्ताहरुको छनौट गर्दा हाल सम्म राष्ट्रिय प्रशारण लाइन नपुगेका स्थानीय तहलाई विशेष प्राथमिकता दिइने व्यहोरा समेत अनुरोध छ । आवेदनको ढाँचा एवं पेश गर्नु पर्ने आवश्यक कागजात सम्बन्धी जानकारी यस केन्द्रको वेव साइट www.aepc.gov.np बाट प्राप्त गर्न सकिनेछ ।